## ५९औं कार्यपालिका बैठक

आज मिति २०७६ साल ~~फागुन १८~~ माघ २० गते ~~आइतबार~~ सोमबारका दिन यस गाउंपालिकाका अध्यक्ष श्री बल बहादुर अधिकारीज्यूको अध्यक्षतामा कार्यपालिकाका सदस्यहरुको उपस्थितिमा बैठक बसी देहाय बमोजिम निर्णय गरियो ।

उपस्थिति:

| सि.नं. | नाम, थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री बलबहादुर अधिकारी | अध्यक्ष | |
| २ | श्री एन्जिला तामाङ्ग | उपाध्यक्ष | |
| ३ | श्री बहादुर तमाङ्ग | वडा अध्यक्ष | |
| ४ | श्री फैसिंङ तामाङ्ग | वडा अध्यक्ष | |
| ५ | श्री विजय कुमार गुरुङ | वडा अध्यक्ष | |
| ६ | श्री हरिमान श्रेष्ठ | वडा अध्यक्ष | |
| ७ | श्री रामचन्द्र अधिकारी | वडा अध्यक्ष | |
| ८ | श्री भक्तबहादुर लामिछाने | वडा अध्यक्ष | |
| ९ | श्री बाबुराम न्यौपाने | वडा अध्यक्ष | |
| १० | श्री सुष्मा दमाई | कार्यपालिका सदस्य | |
| ११ | श्री विमामाया गुरुङ | कार्यपालिका सदस्य | |
| १२ | श्री तुले कामी | कार्यपालिका सदस्य | |
| १३ | श्री रत्नमाया घले | कार्यपालिका सदस्य | |
| १४ | श्री प्रविणा ढकाल थापा | कार्यपालिका सदस्य | |
| १५ | श्री शोभा उपरकोटी | कार्यपालिका सदस्य | |

| | | | |
|---|---|---|---|
| १६ | श्री विनोद रोका | प्रमुख प्रशासकीय अधिकृत (सचिव) | |
| १७ | श्री अर्जुन प्रसाद सापकोटा | लेखा अधिकृत | |

<u>छलफल तथा प्रस्तावका विषयहरु:</u>

१. आ.व. ०७६/०७७ को हालसम्मको आय, व्यय सम्बन्धमा ।

२. कार्यक्रम तथा योजना थप एवं संशोधन गर्ने सम्वन्धमा ।

३. गाउँपालिकाको दरबन्दी सम्वन्धमा ।

४. उपभोक्ता समितिबाट कार्यान्वय गर्ने योजना तथा कार्यक्रम वजेट सीमा निर्धारण सम्वन्धमा ।

५. गाउँ सभामा सम्मान गर्ने खेलाडी सम्वन्धमा ।

६. गाउँपालिकाको नारा संशोधन सम्वन्धमा ।

७. गंगाजमुना क्षेत्र विकास योजना उपभोक्ता समितिको भुक्तानी सम्वन्धमा ।

८. विविध ।

गंगाजमुना गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
फुलखर्क, धादिङ
बागमती प्रदेश, नेपाल

निर्णय नं. १

आ.व. २०७६/०७७ वार्षिक स्वीकृत कार्यक्रम अन्तर्गत अनुमान गरेको आन्तरिक आम्दानी/आय र व्ययको विवरण देहाय बमोजिम रहेकोले अनुमोदनका लागि गाउँसभामा पेश गर्ने निर्णय गरियो ।

तपसिल:

| आय (पौष मसान्तसम्म) | व्यय (२०७६ माघ १७ गतेसम्म) |
|---|---|
| रु ७,९४,००३/- (सेवा, शुल्क दस्तुर वापत)<br>रु १०,५०,०००/- (ढुंगा, गिट्टी, बालुवा)<br>जम्मा रु १८,४४,००३/- | चालु रु ९,२५,८९,९७१.७८<br>पूँजीगत रु १,११,१९,१४१/-<br>जम्मा : रु १०,३७,०९,११२.७८ |

निर्णय नं. २

आ.व. ०७६/०७७ मा स्वीकृत योजना तथा कार्यक्रमहरु संशोधन सहित यही २०७६ माघ २२ गतेको छैठौं गाउँ सभा (हिउँदे अधिवेशन) मा स्वीकृतिका लागि पेश गर्ने निर्णय गरियो ।

निर्णय नं. ३

यस गाउँपालिकाको आफ्नो कार्यवोझ, राजश्व क्षमता, खर्चको आकार, स्थानीय आवश्यकता र विशिष्टतालाई ध्यानमा राखी तयार गरिएको कर्मचारी दरवन्दी **अनुसूची- १ र अनुसूची- २** *स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ८३ (१०)* बमोजिम स्वीकृतिका लागि गाउँ सभामा पेश गर्ने निर्णय गरियो ।

निर्णय नं. ४

आ.व. ०७६/०७७ मा यस गंगाजमुना गाउँपालिकाको स्वीकृत वार्षिक योजना तथा कार्यक्रमहरु कार्यान्वयन गर्दा रु १० लाखसम्म उपभोक्ता समितिबाट कार्यान्वय गर्ने र सो भन्दा माथिका योजना तथा कार्यक्रमहरु टेन्डर प्रक्रिया मार्फत कार्यान्वयन गराउने भनी पाँचौं गाउँ सभाबाट निर्णय भएकोले हालसम्म सोही बमोजिम योजना तथा कार्यक्रमहरु कार्यान्वयनमा ल्याइएको छ । आर्थिक वर्षको शुरुवात देखि नै योजना तथा कार्यक्रमको सर्वे, डिजाइन तथा स्टीमेट नभएका कारणले गर्दा टेन्डर प्रक्रिया मार्फत १० लाख भन्दा माथिका योजनाहरु कार्यान्वयनमा लैजादा प्रक्रियागत समय धेर लाग्ने र यस आर्थिक वर्षको वजेट खर्च गर्न समस्या पैदा हुने देखी त्यस्ता स्वीकृत २० लाख भन्दा कम वजेटका योजना तथा कार्यक्रमहरु उपभोक्ता समिति मार्फत नियमानुसार कार्यान्वयन गर्ने गराउने र सो भन्दा माथि वजेटका योजना तथा कार्यक्रमहरु टेन्डर प्रक्रिया मार्फत कार्यान्वयन गर्ने निर्णयका लागि गाउँ सभामा पेश गर्ने निर्णय गरियो ।

गंगाजमुना गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
फुलखर्क, धादिङ
बागमती प्रदेश, नेपाल

बल बहादुर अधिकारी
अध्यक्ष

निर्णय नं. ५

गंगाजमुना गाउँपालिका वडा नं. ५, फुलखर्क र वडा नं. ६, बसेरी स्थायी ठेगाना भएका क्रमश: **श्री हरि रिमाल र दिपक अधिकारीले** १३ औं दक्षिण एशियाली खेलकुद (साग) मा एथलेटिक्स तर्फ कास्य पदक हातपार्न सफल भएकोले यस मुलुक र गाउँपालिकाको गौरव बढाएको हुँदा खेलकुद क्षेत्रको विकास र प्रवर्द्धन एवं जित हासिल गर्ने खेलाडीहरुलाई उच्च मनोबलका साथ प्रेरित गर्ने उद्देश्यले गाउँ सभामा कदर पत्र तथा नगद रु २५,०००/- (प्रति खेलाडी) सहित सम्मान गर्ने निर्णय गरियो ।

निर्णय नं. ६

यस गाउँपालिकाले तय गरेको गाउँपालिकाको नारा संशोधन देहाय बमोजिम संशोधन गर्न गाउँ सभामा पेश गर्ने निर्णय गरियो ।

| हाल कायम रहेको नारा | प्रस्तावित संशोधित नारा |
|---|---|
| सुरक्षित, सुन्दर, समृद्ध गंगाजमुना; कृषि, पर्यटन, जडिबुटी हाम्रो चाहना | सुरक्षित, सुन्दर, समृद्ध गंगाजमुना; कृषि, पर्यटन, पूर्वाधार विकास हाम्रो चाहना |

निर्णय नं. ७

आ.व. ०७५/०७६ को स्वीकृत कार्यक्रम अन्तर्गत गाउँपालिकाको वडा नं. ५ स्थित गंगाजमुना झरनाको पर्यटकीय क्षेत्र विकासका लागि रु ९१ लाख वजेट विनियोजन (गाउँपालिकाको ४१ लाख र पर्यटन मन्त्रालयको ५० लाख) भै गंगाजमुना क्षेत्रविकास योजना उपभोक्ता समिति गरी योजना कार्यान्वयन भएकोमा गत आर्थिक वर्षमा वर्षातको कारण तोकिएको कार्य समयमै सम्पन्न हुन नसकेकोले गर्दा यस आ.व. ०७६/०७७ मा उक्त योजनाको प्राविधिक मुल्यांकन पश्चात भुक्तानी हुन बाँकी रकम रु ८,२३,५९७।५९ (अक्षरेपी आठ लाख तेइस हजार पाँचसय सन्तानब्बे रुपैया उनान्साठ्ठी पैसा मात्र) त्रमागत योजनामा सोही शीर्षकमा विनियोजित वजेटबाट भुक्तानी दिने निर्णय गरियो ।

विविध:

(क) गाउँपालिकाले आ.व. ०७६/०७७ को छैठौं गाउँ सभा (हिउँदे अधिवेशन) मा वजेटको व्यवस्थापन गरी गाउँपालिका क्षेत्रभित्रका ८० वर्ष र सो भन्दा माथिका ज्येष्ठ नागरिकहरुलाई सम्मान गर्ने निर्णय गरियो ।

(ख) यस आ.व. ०७६/०७७ मा विशेष कारणले वाहेक कार्यान्वयन हुन नसकेका पालिका तथा वडा स्तरीय योजना तथा कार्यक्रमहरुका लागि अर्को आर्थिक वर्षमा त्यस्ता योजना तथा कार्यक्रमका लागि वजेट विनियोजन नगर्ने निर्णय गरियो ।

(ग) संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरबार, काठमाडौंबाट प्रकाशित सूचना बमोजिम **उत्तरी क्षेत्र पूर्वाधार विकास तथा जीवनस्तर सुधार कार्यक्रम संचालन कार्यविधि, २०७६** को दफा ६ (२) बमोजिम देहायका योजनाहरु छनौट गरी सम्बन्धित मन्त्रालयमा पठाउने निर्णय गरियो ।

गंगाजमुना गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
फुलखर्क, धादिङ
बागमती प्रदेश, नेपाल

बल बहादुर अधिकारी
अध्यक्ष

**निर्णय नं. ५**

गंगाजमुना गाउँपालिका वडा नं. ५, फुलखर्क र वडा नं. ६, बसेरी स्थायी ठेगाना भएका क्रमशः **श्री हरि रिमाल र दिपक अधिकारीले** १३ औं दक्षिण एशियाली खेलकुद (साग) मा एथलेटिक्स तर्फ कास्य पदक हातपार्न सफल भएकोले यस मुलुक र गाउँपालिकाको गौरव वढाएको हुँदा खेलकुद क्षेत्रको विकास र प्रवर्द्धन एवं जित हासिल गर्ने खेलाडीहरुलाई उच्च मनोवलका साथ प्रेरित गर्ने उद्देश्यले गाउँ सभामा कदर पत्र तथा नगद रु २५,०००/- (प्रति खेलाडी) सहित सम्मान गर्ने निर्णय गरियो ।

**निर्णय नं. ६**

यस गाउँपालिकाले तय गरेको गाउँपालिकाको नारा संशोधन देहाय बमोजिम संशोधन गर्न गाउँ सभामा पेश गर्ने निर्णय गरियो ।

| हाल कायम रहेको नारा | प्रस्तावित संशोधित नारा |
|---|---|
| सुरक्षित, सुन्दर, समृद्ध गंगाजमुना; कृषि, पर्यटन, जडिबुटी हाम्रो चाहना | सुरक्षित, सुन्दर, समृद्ध गंगाजमुना; कृषि, पर्यटन, पूर्वाधार विकास हाम्रो चाहना |

**निर्णय नं. ७**

आ.व. ०७५/०७६ को स्वीकृत कार्यक्रम अन्तर्गत गाउँपालिकाको वडा नं. ५ स्थित गंगाजमुना झरनाको पर्यटकीय क्षेत्र विकासका लागि रु ९१ लाख वजेट विनियोजन (गाउँपालिकाको ४१ लाख र पर्यटन मन्त्रालयको ५० लाख) भै गंगाजमुना क्षेत्रविकास योजना उपभोक्ता समिति गरी योजना कार्यान्वयन भएकोमा गत आर्थिक वर्षमा वर्षातको कारण तोकिएको कार्य समयमै सम्पन्न हुन नसकेकोले गर्दा यस आ.व. ०७६/०७७ मा उक्त योजनाको प्राविधिक मुल्यांकन पश्चात भुक्तानी हुन बाँकी रकम रु ८,२३,५९७५९ (अक्षरेपी आठ लाख तेइस हजार पाँचसय सन्तानब्बे रुपैया उनान्साठ्ठी पैसा मात्र) त्रमागत योजनामा सोही शीर्षकमा विनियोजित वजेटबाट भुक्तानी दिने निर्णय गरियो ।

**विविधः**

(क) गाउँपालिकाले आ.व. ०७६/०७७ को छैठौं गाउँ सभा (हिउँदे अधिवेशन) मा वजेटको व्यवस्थापन गरी गाउँपालिका क्षेत्रभित्रका ८० वर्ष र सो भन्दा माथिका ज्येष्ठ नागरिकहरुलाई सम्मान गर्ने निर्णय गरियो ।

(ख) यस आ.व. ०७६/०७७ मा विशेष कारणले वाहेक कार्यान्वयन हुन नसकेका पालिका तथा वडा स्तरीय योजना तथा कार्यक्रमहरुका लागि अर्को आर्थिक वर्षमा त्यस्ता योजना तथा कार्यक्रमका लागि वजेट विनियोजन नगर्ने निर्णय गरियो ।

(ग) संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरबार, काठमाडौंबाट प्रकाशित सूचना बमोजिम **उत्तरी क्षेत्र पूर्वाधार विकास तथा जीवनस्तर सुधार कार्यक्रम संचालन कार्यविधि, २०७६** को दफा ६ (२) बमोजिम देहायका योजनाहरु छनौट गरी सम्बन्धित मन्त्रालयमा पठाउने निर्णय गरियो ।

गंगाजमुना गाउँपालिका

बल बहादुर अधिकारी
अध्यक्ष

<u>तपसिल:</u>

- **<u>स्वास्थ्य क्षेत्र:</u>**

  (१) स्वास्थ्य चौकी भवन निर्माण वडा नं. ३ (अनुमानित लागत रु १ करोड)

- **<u>शिक्षा क्षेत्र:</u>**

  (१) तामाङखर्क माध्यमिक विद्यालय छात्रावास भवन निर्माण (अनुमानित लागत रु २ करोड)

- **सडक तर्फ:**

  (१) सुकभञ्ज्याङ्ग बाँसखर्क बागमारा गिद्देडाँडा महालक्ष्मी सडक (अनुमानित लागत रु २ करोड ५० लाख)

(घ) यस गाउँपालिका अन्तर्गतका देहायका योजना कार्यान्वयनमा ल्याउन संघमा विशेष अनुदानका लागि संघमा (राष्ट्रिय योजना आयोग) पेश गर्ने निर्णय गरियो ।

<u>तपसिल:</u>

- ग्रामिण अस्पताल फुलखक, गंगाजमुना गाउँपलिका वडा नं. ५
- वद्रीविशाल माध्यमिक विद्यालयको छात्रावास भवन निर्माण, गंगाजमुना गाउँपालिका वडा नं. ५
- मनपाङखोला- बुढाथुम- बसेरी- सडक
- स्वाथ्य चौकी भवन निर्माण, गंगाजमुना गाउँपालिका, वडा नं. १

बल बहादुर अधिकारी
अध्यक्ष

गंगाजमुना गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
फुलखर्क, धादिङ
बागमती प्रदेश, नेपाल